**भारतीय राजदूतावास**

**काठमाडौं**

********

**प्रेस विज्ञप्ति**

**नेपालको कोशी प्रदेशको उदयपुरमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्‌घाटन**

भारत सरकारको आर्थिक सहयोगमा कोशी प्रदेशको गाईघाटको त्रियुगा नगरपालिकामा निर्मित बालमन्दिर माध्यमिक विद्यालयको विद्यालय भवनको उद्‌घाटन आज त्रियुगा नगरपालिकाका मेयर श्री बसन्त कुमार बस्नेत र काठमाडौंस्थित भारतीय राजदूतावासका द्वितीय सचिव श्री गरिमा नौटियालले संयुक्त रुपमा गर्नुभयो ।

२. विद्यालय भवन र अन्य संरचनाको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो जसको कार्यान्वयन त्रियुगा नगरपालिका, उदयपुरमार्फत गरिएको थियो ।

३. श्री बालमन्दिर माध्यमिक विद्यालयको स्थापना सन् १९८८ मा उदयपुर जिल्लामा भएको हो र यसले पूर्व-प्राथमिकदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्दै आएको छ ।

४. त्रियुगा नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरुले भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो । वहाँहरुले यो नयाँ पूर्वाधारले यस क्षेत्रको शिक्षा क्षेत्रलाई सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले भुँइतहमा प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विस्तार गर्नुका साथै नेपाल सरकारले चालेका विकासका प्रयासहरुलाई सुदृढ बनाउन भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं,

२०८२ माघ १